कालिका गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
धैवुङ, रसुवा
बागमती प्रदेश, नेपाल
फोन: ०१०-५४२०१८

प.सं. : २०७७।०७८
च.नं. :

## रोजगार संयोजक करार सेवामा लिने सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मितिः २०७७/१०/२७)

प्रस्तुत विषयमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय प्रधानमन्त्री स्वरोजगार कार्यक्रम कार्यन्वयनका लागि रोजगार संयोजकको पदपूर्ति र सेवा सुविधा सम्बन्धी मापदण्ड, २०७६ बमोजिम यस गाउँपालिकामा रिक्त रहेको रोजगार संयोजक पद करार सेवामा लिन आवश्यक भएकाले देहायको योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरूलाई यो सूचना प्रकाशित भएको मितिले *१५(पन्ध्र) दिनभित्र* राजश्व तिरेको रसिद सहित आवेदन दिनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

तपशिलः

| क्र.सं. | विज्ञापन नं. | करार सेवाको पद | संख्या | आवश्यक न्यूनतम शैक्षिक योग्यता |
|---|---|---|---|---|
| १ | ०८/२०७७/०७८ | रोजगार संयोजक | १(एक) | मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रविणता प्रमाण पत्र तह वा सो सरह उत्तीर्ण गरेको हुनुपर्ने। |

१. परीक्षा सम्बन्धी विवरणः रोजगार संयोजकको पदपूर्ति र सेवा सुविधा सम्बन्धी मापदण्ड, २०७६ बमोजिम हुनेछ ।
२.परीक्षा दस्तुरः रु ५०० (पाँच सय मात्र)।
३. दरखास्त बुझाउने स्थानः कालिका गाउँ कार्यपालिकाको कार्यालय
४. दरखास्तको माध्यमः उम्मेदवार आफैं उपस्थित हुनु पर्नेछ ।
५. दरखास्त दिने अन्तिम मितिः २०७७/११/११ गते कार्यालय समय भित्र ।
६. उम्मेदवारको उमेर हदः दरखास्त दिने अन्तिम मिति सम्ममा १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको ।
७. सेवा सुविधाः करार सम्झौता हुँदा कार्यालयले तोके बमोजिम ।
८. करार अवधिः कार्यालयको आवश्यकता अनुसार
९. सम्पर्क मितिः दरखास्त दिएको अन्तिम मितिको भोली पल्ट सम्पर्क गर्नुहुन जानकारी गराईन्छ ।
१०. आवश्यक कागकाजहरूः नेपाली नागरिकता, अनुभव भएको भए सो को पत्र, शैक्षिक योग्यताको प्रमात्रपत्रहरूको प्रतिलिपि १/१ प्रति र हाल सालै खिचेको दुवै कान देखिने पासपोर्ट साईजको फोटो २ प्रति ।

०७७/१०/२६
यादवप्रसाद सापकोटा
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत